Kisan Laghubitta Bittiya Sanstha Ltd.
किसान लघुवित्त वित्तीय संस्था लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय: धनगढी, कैलाली, कर्पोरेट कार्यालय: बुढालीलकण्ठ-८, काठमाडौं

च.नं. : ८ /०७९/८० (कम्पनी सचिवालय) मिति : २०७९/१२/३०

श्री नेपाल स्टक एक्सचेन्ज लि., काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, ललितपुर ।
श्री नेपाल क्लियरिङ हाउस लि., कमलादी, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।
श्री सेन्चुरी क्यापिटल मार्केट्स लि., कमलादी, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।

**बिषय: जानकारी गराइएको सम्वन्धमा ।**

महोदय,
उपरोक्त सम्वन्धमा यस किसान लघुवित्त वित्तीय संस्था लि.को मिति २०७९/१२/२८ गते मंगलबार बसेको चौथो वार्षिक साधारण सभाले तपसिलका प्रस्तावहरु पास गरी सम्पन्न भएको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिल:
**क. साधारण प्रस्तावहरू:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आसाढ मसान्तको वासलात, आ.व. आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण (अनुसूचि सहित) उपर छलफल गरी पारित गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूंजीको ०.३६८४२ प्रतिशतले हुने रु १७,३६६२८ नगद लाभांश ( कर प्रयोजनका लागि) स्वीकृत गर्ने ।
४. संस्थाको आ.व.२०७९/०८० को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. संस्थापक समूहको रिक्त संचालक नियुक्तिको अनुमोदन गर्ने ।

ख) विशेष प्रस्तावहरू:

१. संस्थाको संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफाबाट हालको चुक्ता चुक्ता पूंजी रु ४७,१३,७०,५३०।- को ७ प्रतिशतले हुने रकम रु ३,२९,९५,९३७- बराबरको बोनश शेयर वितरण गर्ने ।

२. उपरोक्त बोनश शेयर जारी गर्नका लागि आवश्यक हद सम्म जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने ।

३. सर्वसाधारण र संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व अनुपात संसोधन गर्ने ।

४. थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) गरी सर्वसाधारणलाई शेयर जारी गर्ने ।

५. उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धकपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

६. संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरु गाभ्ने /गाभिने वा प्राप्ति (एक्विजिसन) सम्बन्धी प्रक्रिया अगाडि बढाउन र तत् सम्वन्धित सम्पुर्ण कार्य गर्न संचालन समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

७. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धीत निकायहरुबाट आवश्यक निर्देशन प्राप्त भएमा सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तीयारी प्रदान गर्ने ।

ग) विविध

भवदीय,

नवराज पोखरेल
कम्पनी सचिव
२०८१।१२।३०